जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १६२ • २०८३ साल कार्तिक १९ गते विहीबार (5 November, Thursday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-

अयोध्या गुड्ने रेलको सुरक्षा निरीक्षण आज

टुडे समाचारदाता

जनकपुरधाम । नेपालको जनकपुरधाम र भारतको अयोध्याधामलाई जोड्न भारतीय रेलले सञ्चालन गर्न लागेको रेल सेवाको सुरक्षा सम्बन्धी जाँचका लागि भारतीय रेलवेका अधिकारीहरु रेल सहित बिहीबार कुर्थासम्मको निरीक्षणमा आउन लागेका छन् ।

जनकपुरधामदेखि अयोध्याधाम सम्मको रेलमार्ग ४ सय ६४ किलोमिटर लामो छ ।जनकपुरधामबाट छुट्ने रेल अयोध्याधाम अर्को दिन बिहान पुग्नेछ ।

रेलको सेड्युल, टिकटको मूल्य, हप्तामा कति दिन गुड्नेलगायतका विषयमा निर्णय हुन बाँकी छ । तर रेलवेका अधिकारीहरुले जनाए अनुसार हाल हप्तामा एक दिन शनिबार जनकपुरधामबाट मध्यान्ह रेल अयोध्याका लागि छुट्ने छ ।

जयनगरबाट रेल मधुवनी, दरभंगा, सीतामढीलगायतको स्थान हुँदै गोरख भएर अयोध्याधाम आइतबार बिहान पुग्ने बताइएको छ ।

शनिबार मध्यान्ह १२ बजे अयोध्याधामबाट रेल छुट्ने छ भने आइतबार बिहान ५ बजे जनकपुरधाम आइपुग्ने छ । भने त्यस्तै जनकपुरधामबाट सोमबार २ बजे दिउँसो छुट्ने छ भने मंगलबार मध्यान्ह १२ बजे जनकपुरधाम आइपुग्ने जनाइएको छ ।

रेल सञ्चालनका लागि सुरक्षाको अवस्थाबारे स्थलगत जानकारी लिन भारतीय रेलवेका अधिकारीहरुको टोली नेपाल रेलवेको जक्सन(मुख्य स्टेशन) कुर्थासम्म जाने बताइएको छ ।

नेपालका प्रधानमन्त्री बालेन्द्र साह(बालेन) ले भारतीय समकक्षी नरेन्द्र मोदीसँगै संयुक्त रुपमा जनकपुरधाम-अयोध्याधाम रेलवे सेवाको उद्घाटन गर्ने कार्यक्रम रहेको छ ।

भारतीय रेलवे अधिकारीहरुले नेपाल रेलवेका अधिकारीहरुसित रेल सञ्चालन र सुरक्षा सम्बन्धमा छलफल गर्ने बताइएको छ ।

भारतीय विदेश सचिव नेपालमा रहेकोले नेपालका परराष्ट्र सचिव र अधिकारीहरुसित गर्ने छलफलमा जनकपुरधाम-अयोध्याधामबीच सञ्चालन हुने रेलसेवाको विषयमा समेत छलफल हुने बताइएको छ ।

अधिकारीहरुका अनुसार जयनगरदेखि जनकपुरधामसम्म रेलवेको सुरक्षा नेपाल रेल्वेको हुनेछ । जयनगरदेखि भारतीय भूभागमा भारतीय रेलवेले सुरक्षा गर्ने उनीहरुले जनाएका छन् ।

विगतमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र नेपालका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले संयुक्त रुपमा जनकपुरधामबाट अयोध्या चल्ने बस सेवाको शुभारम्भ गरेका थिए । तर त्यो बस सेवा वर्षदिन पनि नियमित रुपमा सञ्चालन हुन सकेन ।

जनकपुरधाम-अयोध्या सञ्चालन हुने रेल्वेको उद्घाटन भने प्रधानमन्त्री बालेन र प्रधानमन्त्री मोदीले संयुक्त रुपमा भारतको राजधानी नयाँदिल्लीबाट गर्ने बताइएको छ ।

रेलमा एसी कोच, स्लीपर कोच र जेनरल कोच रहने बताइएको छ। रेल सेवा सञ्चालनबाट जनकपुरधाम र अयोध्याधामबीचको सम्बन्ध प्रगाढ हुने र दुबै धार्मिक नगरीमा पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास लिइएको छ । प्रर्यटकहरुको आवागमन बढ्दा दुबै सहरको आर्थिक विकासमा ठूलो परिवर्तन हुने अपेक्षा गरिएको छ ।



मधेश सरकार जोगाउन कांग्रेस-एमाले-नेकपाबीच संवाद

ओली- गगनबीच छलफल, यादव नेतृत्वको सरकारलाई निरन्तरता दिने संकेत

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशमा नेपाली कांग्रेसका नेता कृष्णप्रसाद यादव नेतृत्वको सरकार संकटमा परेको तीन साता बित्दा पनि राजनीतिक निकास निस्कन सकेको छैन । नेकपा एमालेले समर्थन फिर्ता लिएपछि अल्पमतमा परेको सरकार जोगाउन कांग्रेस, एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का शीर्ष नेताहरूबीच संवाद तीव्र बनेको छ ।

गत असोज ३० गते एमालेले सरकारबाट बाहिरिँदै समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादव नेतृत्वको सरकार अल्पमतमा परेको थियो । संवैधानिक व्यवस्थाअनुसार समर्थन फिर्ता भएको ३० दिनभित्र विश्वासको मत लिनुपर्ने बाध्यता मुख्यमन्त्री यादवलाई छ । तर उनले अहिलेसम्म विश्वासको मत लिने प्रक्रिया अघि बढाएका छैनन् ।

यसैबीच नेपाली कम्युनिष्ट पार्टी(नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' को नेपालका अध्यक्ष उपेन्द्र यादव र एमाले अध्यक्ष ओलीबीच भएको छलफलसमेत निष्कर्षमा पुग्न सकेन । जसपा नेपालभित्र पूर्वमुख्यमन्त्री सरोजकुमार यादव र जितेन्द्र सोनलबीच मुख्यमन्त्री बन्ने आकांक्षाले आन्तरिक प्रतिस्पर्धा बढाएको छ । जसपाले आफ्नै नेतृत्वमा सरकार गठन हुने अवस्था आए मात्रै सहभागी हुने अडान राखेको बताइएको छ ।



मधेश प्रदेश दौडाहापछि सत्ता समीकरणबारे केन्द्रमा छलफलले गति लिएको छ । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेपाली कांग्रेसका सभापति गगनकुमार थापाबीच मधेश सरकारसहित समसामयिक राजनीतिक विषयमा लामो छलफल भएको छ । कांग्रेस स्रोतले जनाए अनुसार छलफल सकारात्मक रहेको छ । तीन दलबीच प्याकेजमा सहमति गरेर वर्तमान सरकारलाई नै निरन्तरता दिने प्रयास भइरहेको बताइएको छ ।

मुख्यमन्त्री यादव पनि शीर्ष नेताहरूसँग छलफल गर्न बुधबार काठमाण्डु पुगेका छन् । उनले आफ्नै नेतृत्वको सरकारले निरन्तरता पाउनेमा आफू विश्वस्त रहेको बताएका छन् ।

'म पनि अहिले काठमाण्डुमै आइपुगेको छु। यहीँ शीर्ष नेताहरूको बीचमै सकारात्मक रूपमा छलफल भइरहेको छ,' उनले भने ।

एमालेले यस अघि तीन दलीय सत्ता गठबन्धनबीच भएको १५ बुँदे सहमति कार्यान्वयन नभएको भन्दै समर्थन फिर्ता लिएको थियो । एमालेले आफ्नै नेतृत्वमा सरकार बनाउन चाहेको भए पनि अन्य दलहरू त्यसका लागि तयार देखिएका छैनन् ।

केही दिन अघि जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र एमाले अध्यक्ष ओलीबीच भएको छलफलसमेत निष्कर्षमा पुग्न सकेन । जसपा नेपालभित्र पूर्वमुख्यमन्त्री सरोजकुमार यादव र जितेन्द्र सोनलबीच मुख्यमन्त्री बन्ने आकांक्षाले आन्तरिक प्रतिस्पर्धा बढाएको छ । जसपाले आफ्नै नेतृत्वमा सरकार गठन हुने अवस्था आए मात्रै सहभागी हुने अडान राखेको बताइएको छ ।

१०७ सदस्यीय मधेश प्रदेशसभामा हाल १०३ सांसद छन् । विश्वासको मत प्राप्त गर्न कम्तीमा ५२ मत आवश्यक पर्छ । प्रदेशसभामा जसपा नेपालका २७, एमालेका २३, कांग्रेसका २२, नेकपाका १५ र जनमत पार्टीका १२ सांसद छन् । संघीय समाजवादी पार्टी र राप्रपाका एक-एक सांसद छन् ।

कांग्रेस, एमाले र नेकपाबीच सहमति भएमा वर्तमान सरकारलाई बहुमत सहजै जुट्ने छ । यस्तो अवस्थामा जसपा नेपाल र जनमत प्रतिपक्षमा रहने सम्भावना पनि छ ।

प्रदेशको अधिकारमाथिको संघीय हस्तक्षेप रोक्न सातै प्रदेशका अर्थमन्त्रीको माग

टुडे समाचारदाता

जनकपुरधाम । सातै प्रदेशका आर्थिक मामिला मन्त्रीहरूले प्रदेशको संवैधानिक अधिकार क्षेत्रमा संघीय सरकारले गर्दै आएको हस्तक्षेप अन्त्य गर्न, वित्तीय समानीकरण अनुदान शतप्रतिशत उपलब्ध गराउन तथा प्रदेश र स्थानीय तहको राजस्व हिस्सा वृद्धि गर्न माग गरेका छन् ।

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा सम्पन्न प्रदेश आर्थिक मामिला परिषद्को बैठकले संघीयता कार्यान्वयनलाई प्रभावकारी बनाउँदै प्रदेश सरकारलाई संवैधानिक अधिकारअनुसार आर्थिक तथा प्रशासनिक रूपमा सबल बनाउन संघीय सरकारको ध्यानाकर्षण गराएको छ ।

मधेश प्रदेशसहित सातै प्रदेशका आर्थिक मामिला मन्त्रीहरूको सहभागितामा सम्पन्न बैठकले १६ कात्तिक २०८३ मा साझा प्रतिबद्धतापत्र जारी गर्दै प्रदेशका अधिकार, वित्तीय स्रोतको न्यायोचित बाँडफाँट, अधुरा विकास आयोजना सम्पन्न गर्न बजेटको व्यवस्था र आन्तरिक राजस्व क्षमता अभिवृद्धिलगायत विषयमा संघीय सरकारको ध्यानाकर्षण गराएको छ ।

प्रतिबद्धतापत्रमा संघीय सरकारले वार्षिक बजेटमार्फत विनियोजन गरिसकेको वित्तीय समानीकरण अनुदानसमेत राजस्व संकलनमा कमी आएको कारण देखाउँदै बीचमै कटौती गर्ने प्रवृत्ति अन्त्य गर्न माग गरिएको छ । संविधानले सुनिश्चित गरेको वित्तीय अधिकारअनुसार प्रदेशले पाउनुपर्ने अनुदान पूर्ण रूपमा हस्तान्तरण हुनुपर्ने मन्त्रीहरूको जोड छ ।

त्यस्तै, सशर्त अनुदानको हिस्सा घटाएर वित्तीय समानीकरण अनुदानको हिस्सा बढाउनुपर्ने माग गरिएको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले अनुदान वितरण गर्दा जनसंख्या, मानव विकास सूचकांक, प्रदेशको वास्तविक खर्च आवश्यकता, राजस्व क्षमता तथा भौगोलिक र वातावरणीय अवस्थालाई आधार बनाउनुपर्ने उनीहरूको प्रस्ताव छ ।



सातै प्रदेशले प्रदेशको एकल अधिकार क्षेत्रभित्र संघीय सरकारले स्थापना गरेका डिभिजन तथा आयोजना कार्यालय तत्काल खारेज गरी प्रदेश सरकारलाई हस्तान्तरण गर्न माग गरेका छन्। साना तथा स्थानीय प्रकृतिका आयोजना संघीय सरकारले आफैं सञ्चालन गर्दा प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रमा हस्तक्षेप भइरहेको उनीहरूको ठहर छ ।

आयोजना वर्गीकरणका आधार र मापदण्डअनुसार संघीय सरकारले आफ्नो कार्यक्षेत्रभित्रका आयोजना मात्रै सञ्चालन गर्नुपर्ने र प्रदेश तथा स्थानीय तहको जिम्मेवारीमा रहेका आयोजना सम्बन्धित सरकारले नै कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुपर्ने प्रतिबद्धतापत्रमा उल्लेख छ ।

यसैगरी, संघीय सरकारबाट प्रदेशमा हस्तान्तरण गरिएका तर पर्याप्त बजेट अभावका कारण अधुरा रहेका आयोजना सम्पन्न गर्न आवश्यक स्रोत सुनिश्चित गर्न माग गरिएको छ । वर्षौंदेखि बजेट अभावमा अलपत्र परेका विकास आयोजनालाई प्राथमिकताका साथ सम्पन्न गर्नुपर्ने उनीहरूको भनाइ छ ।

प्रदेश प्रहरी समायोजन प्रक्रिया तत्काल अघि बढाउन र संघीय निजामती सेवा ऐन अविलम्ब जारी गर्न पनि सातै प्रदेशले माग गरेका छन् । प्रदेशको प्रशासनिक संरचनालाई प्रभावकारी बनाउन आवश्यक कानुनी तथा संस्थागत व्यवस्था गर्न संघीय सरकारलाई आग्रह गरिएको छ ।

प्रदेशहरूले मूल्य अभिवृद्धि कर (भ्याट) र अन्तःशुल्कबाट प्राप्त हुने राजस्वमा प्रदेश तथा स्थानीय तहको हिस्सा वृद्धि गर्न माग गरेका छन् । नदीजन्य पदार्थ, वन तथा जलविद्युत्बाट प्राप्त हुने रोयल्टी बाँडफाँट गर्दा प्रभावित प्रदेशको अधिकार र योगदानलाई न्यायोचित रूपमा सम्बोधन गर्नुपर्ने उनीहरूको माग छ ।

ट्राफिक जरिवानाबाट संकलित शतप्रतिशत राजस्व प्रदेश सरकारलाई उपलब्ध गराउने कानुनी व्यवस्था गर्न तथा सवार ीसाधन दर्ता भएको प्रदेशमै सवारी कर दाखिला हुने प्रणाली विकास गर्न पनि प्रस्ताव गरिएको छ । चालक अनुमतिपत्र नवीकरणबाट प्राप्त हुने राजस्वसमेत सम्बन्धित प्रदेशमा दाखिला हुने व्यवस्था मिलाउनुपर्ने माग गरिएको छ ।

त्यस्तै, प्रदेशका प्राथमिकताप्राप्त आयोजनामा वैदेशिक सहायता तथा आन्तरिक ऋण परिचालन गर्ने प्रक्रिया सरल र पारदर्शी बनाउनुपर्ने तथा पूर्वाधार निर्माणका लागि जग्गा प्राप्ति, वन क्षेत्रको प्रयोग र रूख कटानको स्वीकृति दिने अधिकार प्रदेशलाई प्रत्यायोजन गर्नुपर्ने विषय उठाइएको छ ।

बैठकले प्रदेशको आर्थिक आत्मनिर्भरता बढाउन आन्तरिक राजस्वको दायरा विस्तार, राजस्व चुहावट नियन्त्रण र बक्यौता असुलीलाई प्रभावकारी बनाउने प्रतिबद्धता जनाएको छ । भ्रष्टाचारप्रति शून्य सहनशीलता अपनाउने, बेरुजु घटाउने, प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्ने र बजेट कार्यान्वयन क्षमता बढाउने निर्णयसमेत भएको छ ।

सातै प्रदेशले वार्षिक बजेट प्रस्तुत गर्नुभन्दा कम्तीमा तीन महिना अगावै पूर्वबजेट परामर्श गर्ने सहमति गरेका छन् । नतिजामा आधारित बजेट प्रणाली विकास गर्ने तथा बजेट र लेखा व्यवस्थापनका डिजिटल प्रणालीमा भएका असल अभ्यास एकअर्काबीच आदानप्रदान गर्ने निर्णय पनि गरिएको छ ।


मधेशसहितका प्रदेशबीच अन्तरप्रदेश व्यापार तथा लगानी प्रवर्द्धन गर्न वस्तु तथा सेवाको आवागमनमा लाग्ने दोहोरो कर, शुल्क र प्रशासनिक झन्झट हटाउने विषयलाई पनि प्राथमिकता दिइएको छ । प्रदेशका आर्थिक ऐनमा सामञ्जस्यता कायम गर्ने तथा साझा नदीबाट ढुंगा, गिट्टी र बालुवाको अनियन्त्रित दोहन रोक्ने सहमति भएको छ ।

बाढी, पहिरो, शीतलहर र आगलागीजस्ता विपद्का समयमा अन्तरप्रदेश द्रुत प्रतिक्रिया टोली परिचालन गर्ने तथा संयुक्त विपद् व्यवस्थापन कोष स्थापना गर्ने विषयमा पनि प्रदेशहरू सहमत भएका छन् । न्यूनतम कार्यजिम्मेवारी भएका वा दोहोरो भूमिका निर्वाह गरिरहेका प्रदेश सरकारका निकायलाई गाभ्ने वा खारेज गर्ने निर्णयसमेत गरिएको छ ।

संघीयताविरुद्ध फैलाइने भ्रम र चुनौतीको प्रतिवाद गर्न दलीय तथा व्यक्तिगत स्वार्थभन्दा माथि उठेर साझा प्रादेशिक धारणा निर्माण गर्ने प्रतिबद्धता मन्त्रीहरूले व्यक्त गरेका छन् ।



जनकपुर टुडे



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

सम्पादकीय

भारतसितको सम्बन्ध सुदृढ बनाउने अवसर

नेपालका प्रधानमन्त्री बालेन्द्र साह(बालेन) भारतीय समकक्षी नरेन्द्र मोदीको निमन्त्रणामा भारत भ्रमणमा जान लागेका छन् । नेपाल र भारतबीच रोटीबेटीको त्रेता युगकालिन सम्बन्ध रहे पनि राजनीतिक उतारचढावले सम्बन्धमा पनि उतारचढाव हुँदै आएको छ। तर दुई देशबीच रहेको जनजनको सम्बन्धमा त्यसले धेरै असर पारेको छैन। प्रधानमन्त्री बालेनको भारत भ्रमणले दुई देशबीचको सम्बन्ध सुदृढ हुने अवसर छ। नेपाल र भारत मिलेर धेरै कार्यहरु गर्न सक्ने प्रचुर सम्भावना छ । नेपालको जलशक्तिलाई भारतसितको सहकार्यमा देशलाई आर्थिक सम्पन्न बनाउन सकिन्छ। भारतसिन नेपालले भौतिक पूर्वाधार निर्माणमा सहकार्य गर्न सक्छ। रेल मार्गमा समेत भारतले ठूलो मद्दत गर्न सक्छ। नेपाल र भारतबीच पर्यटन प्रवर्द्धनको क्षेत्रमा काम गर्ने व्यापक सम्भावना छ। हरेक वर्ष नेपालबाट भारी संख्यामा धार्मिक पर्यटकहरु भारत जाने गर्छन् । उच्च शिक्षाका लागि पनि नेपाली विद्यार्थीहरु ठूलो संख्यामा भारतमा रहेका छन्। भारतीय धार्मिक पर्यटकहरु पनि ठूलो संख्यामा नेपाल आउने गरेका छन्। भारतीय पर्यटकहरुको नेपाल धार्मिक र प्राकृतिक गन्तव्य रहेको छ । भारतीय धार्मिक पर्यटकहरुले नेपालमा धार्मिक तीर्थस्थलहरुको दर्शन गर्नुका साथै पर्यटकीय सौन्दर्यको आनन्द लिने गर्छन् । भारतीय हिन्दूहरुका लागि नेपालको भन्दा अन्यत्र यस्तो पर्यटन गन्तव्य छैन। नेपाल र भारतबीचको पर्यटकीय गन्तव्यहरुलाई हवाइमार्ग र रेलमार्गबाट समेत जोड्न सके हालको पर्यटकको संख्या भन्दा कयौं गुणा संख्या बढने निश्चित छ । दुई देशका सरकारले यसतर्फ ध्यान दिन आवश्यक छ । नेपालका प्रधानमन्त्री बालेनले भारतको भ्रमण गर्ने क्रममा ऐतिहासिक सहमति र सम्झौताहरु हुनुपर्छ । एउटा त नेपालको जनकपुरधाम र भारतको अयोध्याधामबीच रेल सेवा सञ्चालनको प्रक्रिया अगाडि बढाइएको छ। जनकपुरधाम र अयोध्याबीच त्रेतायुगकालीन सम्बन्ध रहिआएको छ। अयोध्याधाम पुग्ने हिन्दू तीर्थयात्रीहरु जनकपुरधाम नपुगेसम्म यात्रा पूर्ण हुँदैन, भने मान्यता रहेको छ। दुई देशका प्रधानमन्त्रीले झण्डा देखाएर जनकपुरधाम-अयोध्याबीचको रेलसेवा शुरु गर्ने कार्यक्रम छ । हुन त विगतमा जनकपुरधाम भ्रमणमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी जनकपुरधाम आउँदा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीसित जनकपुरधाम-अयोध्याबीच बस सेवा सञ्चालनको उद्घाटन गरेका थिए । तर त्यो बस सेवा थोरै समय मात्र सञ्चालन हुन सके । भारत सरकारको रेल सेवा सञ्चालनमा आएपछि अन्यथा नभए सम्म चलिरहने विश्वास गरिएको छ । यसले दुई देशबीचको सम्बन्धलाई झन् प्रगाढ बनाउने छ । जनकपुरधाम-अयोध्याबीच सञ्चालन हुने रेल सेवाले दुई देशबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउनेछ । यसले जनकपुरधाममा आयोजना हुने रामजानकी विवाह महोत्सव लगायतका अवसरहरुमा समेत पर्यटकहरुको भीड बढ्ने छ ।

मानव संशाधनको नियुक्ति पूर्वसम्पादन : सन्दर्भ तथा पृष्ठपोषकको परीक्षण



सुभाष कोइराला

मानव संशाधन विशुद्ध कर्मचारीसँग सम्बन्धित विषय भएको र सो कार्य गर्ने मानव संशाधनविभाग रहेकामा कसैको विमति रहँदैन ।नेपालमा विगतमा कर्मचारी प्रशासन भनिने यस विभागको कार्य निकै सङ्कुचित भए तापनि वर्तमान अवस्थामा भने यस विभागको महत्वलाई विशेष रूपमा सम्बन्धित संस्थाको कर्मचारी विनियमावली वा मानव संशाधन वा सरकारीतर्फ ऐनले सम्बोधन गरी नियमानुसार कार्य गर्न सघाउ पुर्याउने गर्दछ। जेसुकै नाम दिइएको भए तापनि संस्थाको प्रकृति, आवश्यकता, क्षमतार कार्यका आधारमा भने लगभग एकैखालको कार्य सम्पन्न हुने गर्दछ।

अध्ययन पश्चात सुरु भएको जागिरे जीवनमा विभिन्न संस्थामा व्यावहारिक ज्ञान लिने अवस्था आइपर्यो । संस्थाअनुसारको प्रयोग, फरक संस्कृति, नियम कानुन र नवीनतम प्रयोग तथा व्यावहारिकतासे परिपक्व बनाउँदै आफैँलाई समयानुसार परिस्कृत गर्ने मौका जुर्न गयो । संस्थागत अनुभव बृहत् भए तापनि उठान गरिएको विषय भने अत्यन्त आवश्यक विधामा रहेको तर न्यून प्राथमिकतामा परेको विषय रहेको देखिन्छ।

जुनसुकै पदमा पनि नियुक्ति दिंदा मानव संशाधनको विभिन्न अवयवहरूको चरणबाट गुज्रिनुपर्ने अनिवार्यता रहन्छ । सुरुमा दरखास्त माग गर्नु, स्वीकृत गर्नु, छनोट परीक्षाका विभिन्न चरणहरू आवश्यकताका आधारमा सम्पन्न गर्नु, अन्तर्वार्ता लिनु अनि उम्मेदवार छनोट गरी नियुक्ति दिनु रहेका छन् । नियमित कार्यले मात्र छनोट भएका उम्मेदवारको बारेमा सम्बन्धित सूचना प्राप्त गर्न र सही उम्मेदवारलाई नियुक्ति दिन कठिन हुने भएकाले सूचना प्रविधिको युगमा समयमैसही सूचना लिनु र सुरक्षा प्रविधिका विविध प्रयोगले आफूले छनोट गरेको उम्मेद्वारमार्फत व्यवसाय पनि चुस्त बनाउनु जरुरी हुन्छ । विगतमा सूचना प्रविधि तथा जोखिमको न्यूनीकरण गर्न लगानी समेत नहुने परिपाटीले सूचना र तथ्याङ्कको अस्पष्टपना, दोहोरोपना र सहीसञ्चार नभई सहीरूपमा विश्लेषण गर्न चुनौती रहेको देखिएबाट परिवर्तित हुँदै आजको सूचना प्रणाली र प्रविधि प्रयोग गरीकर्मचारी छनोटमा समेत अब्बल देखाउन र लाभ लिन तथा आवेदकहरूमध्येबाट सही उम्मेदवारको छनोट गर्ने गरिएको पाइन्छ। तर छनोटपश्चात् नियुक्तिपूर्व आवेदकको सन्दर्भ परीक्षण तथा पृष्ठपोषक लिने कार्य भने विभिन्न क्षेत्रमा व्यावहारिक रूपमा प्रयोग नहुनु र प्रयोग भएको संस्थामा समेत अपूर्ण रहनु दुर्भाग्य नै मान्नु पर्दछ।

यो विषय कर्मचारी वा प्रतिनिधिको छनोट भइसकेपछि नियुक्ति दिनु अगाडि निजको वास्तविक रूपमा आर्थिक, सामाजिक, राजनैतिक चालचलन, व्यहोरा, विगतका कुनै अक्षम्य करतुत, कार्यक्षमता, निष्ठा, कर्मचारीप्रतिको धारणा वा आफ्नो संस्थाका अन्य आवश्यकता आदिबारे आवेदकले व्यक्तिगत विवरणमा खुलाएका र निजलाई राम्रोसंग पहिचान गर्ने (आफन्त बाहेक) सान्दर्भिक व्यक्तित्व वा निजले उल्लेख गरेको पूर्ववत् सुपरभाइजर, लाइन मेनेजर वा



हाकिमका माध्यमबाट लिखित जानकारी लिने कार्य हो।

सरकारी निकाय

सरकारी निकाय तथा मन्त्रिपरिषद्को निर्णयमार्फत नियुक्ति हुने पदहरूमा यस विषयसँग सम्बन्धित कार्य गरेको पाइँदैन। सरकारी कार्यालयको लागि लोकसेवामा लिखित र अन्तर्वार्ता उत्तीर्ण गरेपछि सोझै नियुक्ति पत्र दिई पदस्थापना गर्ने प्रचलन छ। देशका भावी सेवकहरूको असल चालचलन हुन आवश्यक रहेबाट लोकसेवामा उत्तीर्ण भई नियुक्तिका पर्खाइमा रहेका उम्मेदवारका लागि सम्बन्धित व्यक्तिले आफ्नो स्थानीय क्षेत्रको प्रहरी कार्यालयबाट असल चालचलन पत्र पेस गर्नुपर्ने आवश्यकता टड्कारो रूपमा देखिन्छ।

यसले विगतमा गरेको गलत चालचलनपछि सरकारी सेवामा प्रवेश गर्ने बाटोलाई सधैंका लागि किनारा लगाउन सहयोग पुग्दछ। यस्तो प्रकृया भारतका केही राज्यमा समेत रहेको पाइन्छ तर मन्त्रिपरिषद्बाट नियुक्त प्रदान गर्ने पद भएमा भने छनोट भइसकेका तर नियुक्ति गर्नुअघि भने उठान भएको विषयलाई उच्च रूपमा पालना गर्नसके उच्च चरित्रका उम्मेदवारले मात्र नियुक्ति पाउने सम्भावना बढी देखिन्छ।

राजदूत सिफारिस तथा राजनैतिक नियुक्ति

राजनैतिक वा मन्त्रिपरिषद्मार्फत नियुक्ति हुने केही पद (राजदूत तथा संवैधानिक पद) हरूमा भने संसदीय समितिमार्फत उजुरी लिने, छानबिन गर्ने प्रकृया भएको पाइन्छ । सुनुवाइ पृष्ठपोषकको एक माध्यम हो तर सन्दर्भ र पृष्ठपोषकजस्तै पूर्ण हुन सक्दैन। विभिन्न निकायमा सिफारिस भएकाहरू पनि अस्वीकृत भएका अनेक उदाहरण छन् तर संसदीय सुनुवाइअनुसार उत्तीर्ण नहुने व्यक्तित्वहरूलाई नियुक्ति प्रदान गर्न दबाब दिनु भने गैरमनासिव कार्य हो।

विगतमा आवेदन माग गर्ने, प्रकृया पुर्याउने तर आफन्तलाई पोस्ने गरी सोझै नियुक्ति गर्ने प्रचलनमा केही परिवर्तन भई हाल आवेदन माग्ने, अन्तर्वार्ता वा प्रस्तुतीकरण गर्ने कार्यबाट नियुक्ति दिने गरिएको देखिन्छ । यो प्रकृयामा पनि त्रुटि प्रशस्तै पाइएका छन्। यसका लागि विगतमा वा पछिल्लो कार्य गरेको संस्थाबाट वा आवेदकले उल्लेख गरेका व्यक्तिबाट सन्दर्भ र पृष्ठपोषक लिन आवश्यक रहेको देखिन्छ। साथै, स्थानीय प्रहरीको चालचलन प्रमाणपत्रसमेत पेस गर्न आवश्यक हुन्छ । साथै, आवश्यकताका आधारमा विदेशका निकायबाट समेत प्रमाण सङ्कलन गरी निर्णय गर्ने अभ्यास गरेको अवस्थामा गलत व्यक्तिको नियुक्तिमा तगारो लगाउन सकिन्छ।

अन्तर्राष्ट्रिय निकाय तथा संघसंस्थाहरू

नेपालमा विभिन्न प्रकारका निकाय कार्यरत रहेका छन् । अभ्यास भने आ-आफ्नै रहेको छ । अधिकांश संस्थाको न्यूनतम आवश्यकता सन्दर्भ तथा पृष्ठपोषकबारे लिखित जानकारी माग गरेपश्चात नियुक्ति प्रदान गर्ने रहेको पाइन्छ। यो एक प्रकारको मानव संशाधन परीक्षण गर्दा आवश्यक पर्ने लिखत दस्तावेज हो, जुन बाह्य मानव संशाधन परीक्षण गर्दा सम्परीक्षण गर्ने गरिन्छ। अतः ती निकायहरूमा उठान विषयबारे पूर्ण कार्यान्वयन भएको पाइन्छ।

बिमा तथा निजी कम्पनीहरू

नेपालका विभिन्न कम्पनीहरूमा श्रम ऐनले तोकेको मापदण्डअनुसार तयार भएका आफ्नै नियमावली प्रयोगमा रहेका छन् तर कर्मचारीको क्षमता, संस्थाको आवश्यकता, व्यावहारिक कठिनाइ र सीमितताका कारणले सन्दर्भ र पृष्ठपोषकबारे न छलफल हुन्छ न प्रयोग। मानव संशाधन विभागलाई स्वतन्त्र पूर्वक कार्य गर्ने अख्तियारी कमै प्रदान गरिएको तथा आवश्यकताका आधारमा वा टाउके प्रणाली (हेड हन्टिङ)को सिफारिसमा ल्याइएका व्यक्तिगत विवरणहरूको परिक्षण अन्तर्वार्ताका माध्यमबाट हुने, विज्ञापनबाट आएका आवेदनहरूबाट भएका छनोट गर्ने व्यवस्था, आफन्तलाई भर्ना गर्ने प्रचलन, लक्ष्य प्राप्त गर्ने हुटहुटीले उपयुक्त ठानेका उम्मेदवार फुस्किने कारणले पृष्ठपोषक वा सन्दर्भ परिक्षण गर्न प्रायः असम्भव रहेको देखिन्छ।

बैक तथा वित्तीय संस्थाहरू

बैक तथा वित्तीय संस्थाहरूमा भने संस्थाअनुसार केही फरक व्यवस्था रहेको पाइन्छ । स्टाण्डर्ड चार्टर्ड बैंकको हकमा भने विदेशी कम्पनीमार्फत हुने भएको देखिदा लिखितमा नहुने प्रश्नै भएनतर अन्य बैंकहरूमा भने सन्दर्भ र पृष्ठपोषक टेलिफोनमार्फत हुने तर लिखितमा कमै प्रयोग हुने गर्दछ। कुनैले आवश्यकताअनुसार लिखितरुपमै राख्ने समेत गर्दछन् । यस प्रसङ्ग मानव संशाधनको विभिन्न फोरममा समेत उठने भएतापनि संस्थाको नीति, नियम तथा विनियमावलीमा निर्देशन भएअनुसार नै हुने भन्ने जानकारी पाइयो ।

विकास बैंकका हकमा भने सिफारिसमा स्वयं घोषणालाई नै सन्दर्भका रूपमा बुझिएको रहेछ तर लिखितमा पृष्ठपोषकका कागजात नराखिने रहेछ । त्यस्तै अन्यका हकमा टेलिफोनमार्फत बुझ्ने कार्य नै विषयवस्तुको पृष्ठपोषक तथा सन्दर्भ परीक्षण रहेको भन्ने बुझाइ देखिन्छ । जे होस् बैक तथा वित्तीय संस्थामा प्रहरी चालचलन तथा स्वास्थ्य प्रतिवेदन नै मुख्य पृष्ठपोषकको रूपमा रहेको देखिन्छ । यसका अलावा लिखित रूपमा व्यक्तिगत विवरणमा उल्लेखित अनुसार सन्दर्भ (रेफरेन्स) परीक्षण तथा पृष्ठपोषक परीक्षण लिने र राख्ने कार्यमा यो क्षेत्र पनि कमजोर नै रहेको देखिन्छ। जुन मानव संशाधनको भर्ना तथा छनोट गर्ने क्रमको मुख्य कार्य रहेको मानिन्छ।

निष्कर्ष:

मानव संशाधन बृहत् कार्य गर्ने क्षेत्र हो। यसका विभिन्न अवयवहरूले निरन्तर कार्य गरिरहेका हुन्छन्। कुनै पनि अवयवको न्यून उपयोग हुनु भनेको लिखित कागजात तथा प्रमाणमा आफू कमजोर हुनु हो। अतः आन्तरिक एवं बाह्य परीक्षणमा सुधार गर्न र सहीएवं उच्च चालचलनको मानव स्रोत भित्र्याउन गरिने यो प्रकृयाको अवलम्बन हरेक संस्थाले गर्नु अनिवार्य रहेको छ । अनिमात्र मानव संशाधन पेशागत हुने कार्यमा बल पुग्न जाने देखिन्छ।

जाडोमा किन लाग्छ बारम्बार भोक ?

जाडो मौसममा धेरैजसो मानिसको तौल बढ्ने गर्छ। यसको कारण जाडोले गर्दा शारीरिक गतिविधि घट्नु मात्र होइन, बढी खाने बानी पनि हो, जुन चिसोको समयमा निकै सामान्य बन्छ।

यो मौसममा धेरैलाई छिनछिनमै भोक लाग्छ अनि तात्तातो पराठा, पकौडा, हलुवा, सुप र मिठाई खान मन पर्छ । कतिपय अवस्थामा पेटभरि खाएपछि पनि केही न केही खाइरहने इच्छा भइरहन्छ । तर के तपाईंले कहिल्यै सोच्नुभएको छ, जाडोमा आखिर यस्तो किन हुन्छ ?

डाइटिसियनका अनुसार यसका पछाडि शरीरको तापक्रम, हर्मोन, निद्रा, मनस्थिति र शारीरिक सक्रियता जस्ता अनेकौं कारण हुन सक्छन्। चिसोमा शरीरलाई आफ्नो तापक्रम सन्तुलनमा राख्न ऊर्जा आवश्यक पर्छ, तर यसको अर्थ हरेक व्यक्तिले धेरै क्यालोरी खानैपर्छ भन्ने चाहिँ होइन।

जाडोमा बढी भोक लाग्नुका ५ कारण

१. शरीरको भित्री तापक्रम नियन्त्रण:

चिसो मौसममा शरीरले आफ्नो



भित्री तापक्रम सामान्य राख्ने प्रयास गर्छ । यसका लागि ऊर्जा खर्च हुन्छ । यद्यपि, तपाईं न्यानो लुगा लगाउनुहुन्छ र अधिकांश समय घरभित्रै बस्नुहुन्छ भने तपाईंलाई धेरै अतिरिक्त क्यालोरीको आवश्यकता पर्दैन। त्यसैले जाडो लागेकै भरमा धेरै खानु आवश्यक छैन।

२. हर्मोनको उतारचढाव र घामको कमी:

'घ्रेलिन' हर्मोनले मस्तिष्कलाई भोक लागेको सङ्केत दिन्छ भने 'लेप्टिन' ले पेट भरिएको आभास गराउन मद्दत गर्छ। निद्रा, तनाव र दैनिक दिनचर्यालेयी हर्मोनलाई प्रभावित पार्न सक्छन्। यस्तो अवस्थामा हिउँदमा घाम कम लाग्दा मानिसको मनस्थिति र खाने इच्छामा पनि फेरबदल आउँछ।

३. 'कम्फर्ट फुड' को चाहना:

चिसोमा पराठा, पकौडा, हलुवा र गुलिया परिकार खान बढी मन लाग्छ। गुलिया र धेरै चिल्लो भएका खाद्यपदार्थले तुरुन्तै ऊर्जा र स्वादको आनन्द दिन्छन्। तर यस्ता खानेकुरा खान मन लाग्दैमा शरीरलाई अतिरिक्त चिनी वा बोसोको खाँचो परेको हो भन्ने बुझ्न मिल्दैन।

४. शारीरिक गतिविधिमा कमी र स्क्रिन टाइम:

जाडो मौसम र छोटो दिनका कारण मानिसहरू हिँडडुल गर्न र व्यायाम गर्न कम गर्छन्। घरभित्रै बसेर टिभी हेर्दा वा मोबाइल चलाउँदा छिनछिनमै केही न केही खाइरहने बानी पनि बढ्न सक्छ। यसले गर्दा शरीरलाई चाहिनेभन्दा बढी क्यालोरी ग्रहण हुने सम्भावना रहन्छ।

५. निद्राको कमी र तनाव:

निद्रा पूरा नहुनु, अबेर रातिसम्म मोबाइल चलाउनु र तनाव बढ्नुले भोकलाई प्रत्यक्ष असर पुऱ्याउँछ । कतिपय व्यक्ति जाडोमा उदासी वा सुस्तता महसुस गर्छन् र त्यसबाट राहत पाउनका लागि बढी खान थाल्छन्।

जाडोमा भोक कसरी नियन्त्रण गर्ने ?

आफ्नो दैनिक खानामा दाल, अण्डा, दही, काजु, बदाम, हरिया सागसब्जी, गेडागुडी तथा मौसमी फलफूल समावेश गर्नुहोस्। तातो सुप, खिचडी र दाल जस्ता पौष्टिक परिकारले लामो समयसम्म पेट भरिएको महसुस गराउन मद्दत गर्छन्। पर्याप्त मात्रामा पानी पिउनुहोस्, नियमित व्यायाम गर्नुहोस् र पूरा निद्रा सुत्नुहोस्।

यदि पर्याप्त खाना खाँदा पनि अचाक्ली भोक लागिरहन्छ र साथमा अत्यधिक तिर्खा लाग्ने, पटक-पटक पिसाब आउने, अचानक तौल घटबढ हुने वा निरन्तर थकान महसुस हुने जस्ता लक्षण देखिन्छन् भने चिकित्सकसँग परामर्श लिनुपर्छ । रातोपाटीडटकमबाट साभार गरिएको छ।

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : आज तपाईमा नयाँ काम गर्ने उत्साह र आत्मविश्वास बढ्नेछ।
वृष : आज धैर्य र संयमले काम लिनुपर्ने दिन छ।
मिथुन : कार्यक्षेत्रमा तपाईको विचारले महत्व पाउन सक्छ।
कर्कट : पारिवारिक जिम्मेवारी बढ्न सक्छ।
सिंह : आज आत्मविश्वास र नेतृत्व क्षमता बढ्नेछ।
कन्या : आज योजनाबद्ध रुपमा काम गर्दा राम्रो परिणाम प्राप्त गर्न सकिनेछ।
तुला : आज सामाजिक सम्बन्ध विस्तार हुने सम्भावना छ।
वृश्चिक : आज केही चुनौतीको सामना गर्नुपर्ने हुन सक्छ।
धनु : लामो समयदेखि रोकिएका काम अघि बढ्न सक्छन्।
मकर : आज जिम्मेवारी पूरा गर्न व्यस्त रहनुपर्ने हुन सक्छ।
कुम्भ: आज सिर्जनात्मक सोच र नयाँ योजनाले प्राथमिकता पाउन सक्छ।
मीन: अधुरा काम पूरा गर्न ध्यान दिनुहोला।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू

☎☎ जनकपुरधाम ०४१☎☎

बारुणा यन्त्र	५२००११
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९, ४२०२९९, १००
एम्बुलेन्स (रेडक्रस)	१०२
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६
अञ्चल अस्पताल	५२००३३
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५,९८५४०२८२९६
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१
रक्तसंचार (रेडक्रस)	५२०८७०
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४
कृष्णा नर्सिङ्गहोम	५२१९१८
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७
आँखा अस्पताल	५२०३९७
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६
एयर पोर्ट	५९००५८, ५९००५२
विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
साह केबुल	५२४७२२
जानकी केबुल	५२३७२८
म्याक्स टीभी	०४१-५९०८९७,९८०१६६८६५२
नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
बुद्ध एयर	५२५०२२
यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
होटल मानकी	९८१५८९३५३४, ९८१५८९३३४३
होटल रामा	५२००५९, ५२३८५४
वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
गौतम होटल, बर्दिबास	०४४-५५००३४
जलेश्वर अस्पताल	०४४-५२००७०
प्रहरी (जलेश्वर)	०४४-५२०००९
एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६

नेपाल रेल्वेको समय तालिका

जनकपुरधाम - जयनगर

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
बिहान पूजा आरती	: ०७:०० बजे
बिहान ढोका बन्द	: १२:०० बजे
अन्न क्षेत्र	: निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय	: ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझा	: ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
मंगल आरती	: ०७:३० बजे
महाप्रसाद भोग	: १२:०० बजे
दिउँसो ढोका खुल्ने समय	: ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ	: ०७:०० बजे
रात्रि भोग	: ०९:०० बजे
पट बन्द	: ०९:१५ बजे

विद्यापति स्मृति पर्वका लागि समिति गठन

टुडे समाचारदाता

जनकपुरधाम । महाकवि विद्यापतिको स्मृति पर्व सम्पन्न गर्न कौशल किशोर मिश्रको अध्यक्षतामा कार्यक्रम समिति गठन गरिएको छ ।

आगामी मंसिर ६ गते आयोजना हुने विद्यापति स्मृति पर्व-२०८३ लाई भव्य र व्यवस्थित रूपमा सम्पन्न गर्न प्रत्येक वर्ष जस्तै यसवर्ष पनि कार्यक्रम समिति गठन गरिएको जनाइएको छ ।

विद्यापति स्मृति पर्वको तयारीका लागि बसेको बैठकले मिश्रको अध्यक्षतामा नौ सदस्यीय कार्यक्रम समिति गठन गर्ने निर्णय गरेको हो । गठित समितिको उपाध्यक्षमा उग्रनाथ चौधरी, सचिवमा राजु पाठक र कोषाध्यक्षमा उज्ज्वल महतो चयन भएका छन् । त्यसैगरी



सदस्यहरूमा प्रिया कर्ण, अविनाश कुमार चौधरी, सोनु झा, त्रिदेव मिश्र र नवीन सिंह रहेका छन् । पर्वको सफल आयोजनाका लागि सल्लाहकार समिति पनि चयन गरिएको छ । सल्लाहकार समितिमा चन्द्रमोहन चौधरी, वागीश झा, दीपक झा र प्रसन्न झा रहेका छन् ।

मैथिली भाषा, साहित्य, कला तथा संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना हुँदै आएको विद्यापति स्मृति पर्वलाई यस वर्ष विशेष कार्यक्रमका साथ मनाउने तयारी गरिएको आयोजकले जनाएको छ ।

गठित कार्यक्रम समितिले पर्वको तयारी, व्यवस्थापन तथा विभिन्न कार्यक्रमको रूपरेखा तयार पार्ने जिम्मेवारी पाएको छ ।

कानुनको शासन र नैतिक आचरण सुशासनका आधार हुन्: राष्ट्रपति पौडेल

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले सार्वजनिक स्रोतसाधनको सदुपयोग, भ्रष्टाचारप्रति शून्य सहनशीलता, कानुनको शासन र नैतिक आचरण सुशासनको आधार भएको बताउनुभएको छ ।

दक्षिणकाली नगरपालिकाको नवनिर्मित प्रशासकीय भवनको आज उद्घाटन गर्दै राष्ट्रपति पौडेलले सो धारणा व्यक्त गर्नुभएको हो ।

उहाँले भन्नुभयो, "सार्वजनिक स्रोतसाधनको सदुपयोग, भ्रष्टाचारप्रति शून्य सहनशीलता, कानुनको शासन र नैतिक आचरण सुशासनका आधार हुन् । सङ्घीय लोकतान्त्रिक गणतन्त्र ल्याउन नेपाली जनताले गरेको त्याग र बलिदानको उद्देश्य पनि यही नै हो ।"

राष्ट्रपति पौडेलले तीनै तहका सरकार जनताले राखेका ती अपेक्षा पूरा गर्नेतर्फ गम्भीर हुने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारीलाई सार्वजनिक पद र जिम्मेवारीलाई व्यक्तिगत सुविधा वा अधिकारका रूपमा नभई जनताको सेवा गर्ने अवसर र दायित्वका रूपमा लिन आग्रह गर्नुभयो ।

"प्रशासनिक भवन केवल भौतिक संरचना मात्र होइन; यो जनताको सेवा प्राप्त गर्ने विश्वासको केन्द्र, लोकतान्त्रिक शासनव्यवस्थाको स्थानीय आधारस्तम्भ र नागरिकका आकांक्षा



सम्बोधन गर्ने सार्वजनिक संस्थाको प्रतीक पनि हो", राष्ट्रपति पौडेलले भन्नुभयो ।

उहाँले भवनबाट प्रवाह हुने सेवा छिटो, छरितो, पारदर्शी, जवाफदेही र नागरिकमैत्री बन्न सकोस् भन्ने विश्वास व्यक्त गर्नुभयो ।

प्रशासनिक भवन आधुनिक भएजस्तै प्रशासनिक कार्यशैली पनि आधुनिक, प्रविधिमैत्री, पारदर्शी र परिणाममुखी हुन आवश्यक रहेको उहाँको भनाइ थियो ।

राष्ट्रपति पौडेलले भन्नुभयो, "सूचना प्रविधिको अधिकतम प्रयोग, अभिलेख व्यवस्थापन, डिजिटल सेवा र गुनासो सुनुवाइ प्रणालीलाई प्रभावकारी बनाउनु आजको आवश्यकता हो । "

उहाँले दक्षिणकालीलाई धार्मिक पर्यटनसँगै प्रकृति, संस्कृति र स्थानीय उत्पादनमा आधारित पर्यटनको आकर्षक गन्तव्यका रूपमा विकास गर्न सकिने प्रशस्त सम्भावना रहेकाले यसतर्फ ध्यान दिन पनि आग्रह गर्नुभयो । रासस

बार एशोसिएसन जनकपुरको निर्वाचन मंसिर २० गते

टुडे समाचारदाता

जनकपुरधाम । नेपाल बार एशोसिएशन जनकपुरको नयाँ कार्यसमितिको निर्वाचन आगामी मंसिर २० गते हुने भएको छ । नेपाल बार एशोसिएशन जनकपुरले मंसिर २० गते आइतबारका दिन निर्वाचन गर्ने निर्णय गरेको हो ।

एशोसिएशनको बसेको बैठकको निर्णयअनुसार निर्वाचनको मिति तय गरिएको अध्यक्ष अधिवक्ता बिमल कुमार मिश्रले जारी गरेको सूचनामा उल्लेख छ । निर्वाचनमा सहभागी भई नयाँ कार्यसमिति चयन प्रक्रियालाई सफल बनाउन एशोसिएशनले सम्पूर्ण सदस्य कानून व्यवसायीहरूलाई आग्रह गरेको छ ।

निर्वाचन सम्पन्न गराउन अधिवक्ता लोचन साहको संयोजकत्वमा तीन सदस्यीय निर्वाचन समिति गठन गरिएको छ । समितिको प्रमुख निर्वाचन अधिकृतमा अधिवक्ता लोचन साह रहेका छन् भने अधिवक्ता राकेश कुमार साह र अधिवक्ता रविशेखर ठाकुर सदस्य तथा निर्वाचन अधिकृतको जिम्मेवारीमा रहेका छन् ।

रुखबाट लडेर वृद्धको मृत्यु

टुडे समाचारदाता

बारा । रुखबाट लडेर बाराको जितपुर सिमरा उपमहानगरपालिका-४ औराहामा एक वृद्धको मृत्यु भएको छ ।



मृत्यु हुनेमा स्थानीय ६४ वर्षीय ज्ञानबहादुर थिङ रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय बाराका अनुसार बुधबार बिहान करिब ८ बजेर १० मिनेटमा आफ्नै गोठघर नजिकै रहेको बकाइनोको रुखमा चढेर घाँस काट्ने क्रममा थिङ अचानक लडेका थिए । रुखबाट खसेर गम्भीर घाइते भएका उनलाई तत्काल उपचारका लागि सिमरा नगर अस्पताल लगिएको थियो ।

अस्पतालमा चिकित्सकले बिहान ८ बजेर ४९ मिनेटमा उनलाई मृत घोषणा गरेका थिए । घटनाको जानकारी पाएलगत्तै अस्थायी प्रहरी पोस्ट औराहाबाट प्रहरी टोली घटनास्थल पुगेको थियो ।

थप अनुसन्धान तथा आवश्यक कानुनी प्रक्रिया पूरा गर्न इलाका प्रहरी कार्यालय सिमराबाट प्रहरी निरीक्षक विनोदराज खत्रीको नेतृत्वमा प्रहरी टोलीसमेत परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

प्रहरीले बिहान ९ बजेर ३७ मिनेटमा घटनास्थल मुचुल्का तयार गरी मृतकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल कलैया पठाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक मीनबहादुर घलेले बताएका छन् ।

एघार जना फरार प्रतिवादी पक्राउ

वीरगञ्ज । प्रहरीले एघार जना फरार प्रतिवादीलाई मङ्गलबार पक्राउ गरेको छ ।

पर्सा जिल्ला अदालतबाट भएको फैसलाबमोजिम विभिन्न मुद्दामा लगत लागेका ११ जना फरार प्रतिवादीलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले पक्राउ गरी पर्सा जिल्ला अदालतमा दाखिला गरिएको प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिनुभयो ।

यसैगरी, प्रहरीले मोटरसाइकल चोरी कार्यमा सलंग्न एक जना व्यक्ति पक्राउ गरेको छ । वीरगञ्ज महानगरपालिका-२४ रामगढवा बस्ने कुमार कुशवाहाको नाममा दर्ता रहेको मधेस प्रदेश ०३-०३५ प ७१७५ नम्बरको २२० सिसीको रातो कालो रङ्गको पल्सर मोटरसाइकल बरामत गरिएको हो ।

वीरगञ्ज महानगरपालिका-१६ लिङ्कर रोडस्थित सडकखण्डको छेउमा पार्किङ गरी राखेको अवस्थामा लक तोडी डोर्याउँदै भाग्दै गरेको अवस्थामा राकेश चौधरीलाई प्रहरीले पक्राऊ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय मातहतको वडा प्रहरी कार्यालय विर्ताबाट खटिएको प्रहरी टोलीले वीरगञ्ज महानगरपालिका-१६ लिङ्करोडबाट उक्त नम्बरको मोटरसाइकलसहित बारा जिल्ला निजगढ नगरपालिका-११ बस्ने वर्ष २७ को चौधरीलाई नियन्त्रणमा लिई थप अनुसन्धान कार्य भइरहेको बताइन्छ । रासस

परराष्ट्रमन्त्री खनालसँग भारतीय विदेश सचिव मिश्रीको भेटवार्ता

काठमाण्डु । परराष्ट्रमन्त्री शिशिर खनालसँग भारतीय विदेश सचिव विक्रम मिश्रीले शिष्टाचार भेट गर्नुभएको छ ।

परराष्ट्र मन्त्रालयमा बुधबार भएको भेटवार्तामा मन्त्री खनालले नेपाल-भारतबीचको घनिष्ठ सम्बन्धले थप उचाइ लिने विश्वास व्यक्त गर्नुभएको मन्त्रालयले जनाएको छ ।

त्यस अवसरमा उहाँहरुबीच नेपाल र भारतबीचको बहुआयामिक साझेदारीलाई थप सुदृढ बनाउने तथा दुई देशबीच



परराष्ट्रमन्त्री खनाल र विदेश सचिव मिश्रीबीच दुई मुलुकबीचको रहिआएको ऐतिहासिक मित्रतापूर्ण सम्बन्धलाई अझ प्रगाढ बनाउने विषयमा छलफल भएको थियो । सम्बन्ध र सहकार्यसहित ऊर्जा, उड्डयन, व्यापार, खेलकुद र शिक्षालगायतका विविध विषयमा छलफल गर्नुभएको मन्त्रालयले जनाएको छ । रासस

उदयपुर कारागारमा क्षमताभन्दा चार गुणा बढी कैदीबन्दी

उदयपुर । उदयपुर कारागारमा क्षमताभन्दा झन्डै चार गुणा बढी कैदीबन्दी राखिँदा उनीहरूको दैनिक जीवन कष्टकर बनेको छ । साठ्ठी जनाको क्षमता रहेको चार दशक पुरानो जीर्ण भवनमा हाल २३२ कैदीबन्दी कोचिएर बस्न बाध्य छन् ।

कारागार प्रशासक बैकुण्ठराज रेग्मीका अनुसार कारागारमा २१८ पुरुष र १४ महिला कैदीबन्दी छन् । क्षमताभन्दा अत्यधिक सङ्ख्यामा कैदीबन्दी राख्नुपर्दा खाने, बस्ने, सुत्ने र शौचालय प्रयोग गर्नसमेत समस्या भइरहेको उहाँले बताउनुभयो ।

साँघुरो ठाउँ, जीर्ण संरचना र वर्षायाममा छानाबाट पानी चुहिने समस्याले कैदीबन्दीको स्वास्थ्यमा समेत असर परेको भन्दै गर्मी र जाडोका समयमा बिरामी पर्ने समस्या बढ्ने गरेको रेग्मीले बताउनुभयो । पूर्वाधार



अभावका कारण वृद्ध तथा दीर्घरोगी कैदीबन्दीको स्वास्थ्य सुरक्षा चुनौतीपूर्ण बनेपछि हालै सात जनालाई काठमाडौंस्थित कारागारमा स्थानान्तरण गरिएको उहाँले जानकारी दिनुभयो । भवन निर्माणका लागि दशकअघि नै विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरी योजना स्वीकृत गरिएको थियो । आर्थिक वर्ष २०७१/७२ मा निर्माण योजना स्वीकृत भए पनि भूकम्प र कोभिड महामारीका कारण बजेट उपलब्ध हुन नसकेको प्रशासनको भनाइ छ ।

लामो प्रयासपछि चालु आर्थिक वर्षमा सरकारले नयाँ भवन निर्माणका लागि स्रोत सुनिश्चित गरेको छ । सहरी विकास तथा भवन निर्माण आयोजना कार्यालय सप्तरीमार्फत निर्माण गर्ने तयारी भए पनि ठेक्का प्रक्रिया अघि बढ्न सकेको छैन ।

हालको भवनका गारो भत्किएका छन् भने पर्खालसमेत कमजोर अवस्थामा छन् । पुरानो प्रविधिबाट काठका बटम र पटाहा प्रयोग गरी ढलान गरिएको भवन जुनसुकै बेला भत्किन सक्ने जोखिम रहेको प्रशासनले जनाएको छ । यस्तो अवस्थामा कैदीबन्दीको जीवन सुरक्षाका लागि नयाँ भवन निर्माण तत्काल अघि बढाउनुपर्ने आवश्यकता देखिएको छ । रासस

समस्याग्रस्त सात सहकारीका १२२ जना बचतकर्ताले पाए रकम फिर्ता

काठमाण्डु । सात वटा समस्याग्रस्त सहकारीले १२२ जनाको बचतकर्ताको बचत रकम फिर्ता गरेका छन् ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अनुसार नेपाल सहकारी वित्तिय सहकारी, आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी र शिवशिखर सहकारीले २३ जनाको पूर्ण बचत फिर्ता गरेका छन् ।

त्यस्तै, कान्तिपुर सहकारी, गौतमश्री बहुउद्देश्यीय सहकारी, कृषि विकास बहुउद्देश्यीय सहकारी र श्री लालीगुराँस बहुउद्देश्यीय सहकारीले ९९ जनाको बचतकर्ताको आंशिक बचत रकम फिर्ता दिएका हुन् ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलको सचिवालयकाअनुसार सरकारले समस्याग्रस्त सहकारीको ऋण असुलीबाट प्राप्त भएको रकम नै पीडित बचतकर्तालाई फिर्ता गरिएको स्पष्ट पारेको छ ।

पहिलो चरणमा थोरै बचत रकम भएका बचतकर्तालाई रकम फिर्ता गरिएको समितिले जनाएको छ । आगामी दिनमा पनि बचतकर्ताको रकमका आधारमा वर्गीकरण गरी रकम फिर्ता गरिने जानकारी दिइएको छ ।रासस

भुल सुधार

यस ज्योति विकास बैंक लिमिटेडबाट मिति २०८३/०१/२१ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना, २०८३/०३/०३ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिकमा धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सार्वजनिक सूचनामा शाखा कार्यालय हरिवन, सर्लाहीको ऋणी स्वाभिमान अस्पताल प्रा.लि. को शेयरधनी तथा संचालक बेनी बहादुर कार्की, कमल विक्रम कार्की, गौरी शंकर महतो तथा सुन्दर के.सी. हुनुपर्नेमा अन्यथा हुन गएकोले उपरोक्त अनुसार हुने गरी भुल सुधार गरिएको छ ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More then a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः
का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, फोन नं. ०१-५९७०२७६-१२
शाखा कार्यालय : हरिवन, सर्लाही, फोन नं. ०४६-५३००८३
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

NATIONAL INSURANCE COMPANY LIMITED
(A Government of India Undertaking)
Kathmandu Controlling Office
2nd Floor, KKM Building, Tripureshwor, PO Box 376, Kathmandu, Nepal
Ph: 01-5360366, 5366681, 5354045 Email: info@nicnepal.com.np

Notice No. NICL/KCO/Estb./83-84/02 **Date:** 05/11/2026

NOTICE INVITING OFFERS
OFFICE PREMISES REQUIRED ON LEASE AT LAHAN, SIRAHA

National Insurance Company Limited invites offers under the two-bid system (Technical Bid and Financial Bid) from owners having clear title for office premises on lease for its Motor Third Party Counter at and around Lahan City, Siraha District, preferably near the Transport Management Office (Yatayat Karyalaya). Premises on the ground floor or first floor with toilet, running water, electricity and parking are preferred.

The Offer Document may be downloaded from www.nicnepal.com.np or collected from Kathmandu Controlling Office or Janakpur Sub-Branch Office (Ring Road, Kadam Chowk, Ward No. 2, Janakpur; Ph: 041-420646) between 11 AM and 3 PM on working days.

The Technical Bid is to be submitted in soft copy (PDF) at info@nicnepal.com.np as well as in hard copy. The Financial Bid is to be submitted in hard copy in a sealed envelope only. Last date and time for submission: **3 PM on 23rd November 2026.**

Brokers need not apply. The Company reserves the right to accept or reject any or all offers without assigning any reason.

Chief Executive Officer
National Insurance Company Limited, Nepal

प्रभु बैंक लिमिटेड, शाखा कार्यालय बिरगंज, पर्साका तपसिलमा उल्लेखित ऋणीलाई ऋण कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

(सूचना प्रकाशित मिति २०८३/०७/१९ गते बिहिबारको जनकपुर टुडे राष्ट्रिय दैनिक)

यस बैंकका (साविक सेन्चुरी कमर्सियल बैंक लि.) तपसिलमा उल्लेखित ऋणीले लिएको विभिन्न शिर्षक अन्तरगतको ऋण कर्जाको किस्ता (साँवा, ब्याज) लगायत अन्य रकम भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएकोले कर्जा असुलीका लागि पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्यौंट गर्ने तर्फ चासो नदेखाई बैकसंग सम्पर्कमा समेत नरही आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्यौंट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्यौंट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय बिरगंज, पर्सामा** दाखिल गर्नु हुन इच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०९/०२ गते बिहिबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) यस बैंकको **शाखा कार्यालय बिरगंज, पर्सामा** दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र कर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

क. ऋणी तथा जमानतकर्ताको विवरण :

ऋणी: नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य तथा आपुर्ती व्यवस्थापन विभाग, वाणिज्य कार्यालय, बिरगंज, पर्सामा प्रईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७२/१०/०७ मा प्रा.फ.र.नं. ३३५१९८/०७२/०७३ (स्थानिय व्यापार)मा दर्ता भई आन्तरिक राजस्व कार्यालय बिरगंजबाट मिति २०७३/०३/०१ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०४७७४३०३ को प्रमाणपत्र प्राप्त **ड्रेस वर्ल्ड ।**

कम्पनीको ठेगाना : पर्सा जिल्ला बिरगंज उ.म.न.पा. वडा नं. १३, आदर्शनगर ।

प्रोप्राइटर तथा जमानतकर्ता : धिरज प्रसाद यादव
(ना.प्र.नं ३३१०४९/८५२६, जारी मिति २०६७/०८/१९, जि.प्र.का. बारा) ।
ठेगाना: बारा जिल्ला बिरगंज उ.म.न.पा. वडा नं. २ (साविक बेलदारी गा.बि.स. वडा नं. ९) ।
बाबु : राम पुकार प्रसाद यादव ।
बाजे : बाबुलाल राय यादव ।

जमानतकर्ता : सिमा देवी यादव
(ना.प्र.न. १४८५, जारी मिति २०५६/११/११, जि.प्र.का. बारा) ।
ठेगाना: बारा जिल्ला बिरगंज उ.म.न.पा. वडा नं. २ (साविक बेलदारी गा.बि.स. वडा नं. ९) ।
बाबु : अकलु राय यादव ।
पति : राम पुकार प्रसाद यादव ।
ससुरा : बाबुलाल राय यादव ।

ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण :

१. **धिरज प्रसाद यादव**को नाममा मालपोत कार्यालय पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला बिरगंज उ.म.न.पा. वडा नं. २, नक्सा सिट नं. ११३०४३००३, स्थित कित्ता नं. ५९६ को क्षेत्रफल ११८.५० (वर्ग मि.) को घर/जग्गा र उक्त घर/जग्गाले चर्चेको लिगलगापात समेत १

२.ऋणी **ड्रेस वर्ल्ड**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण १

पुनश्च :

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय बिरगंज, पर्साबाट** समेत प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकार कर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय बिरगंज, पर्सामा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

घुससहित नायब सुब्बा पक्राउ



टुडे समाचारदाता

जनकपुरधाम । भूमि प्रशासन कार्यालय (मालपोत) मा कार्यरत एकजना नायब सुब्बा एक लाख रुपैयाँ घुस रकमसहित रंगेहात पक्राउ परेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासबाट खटिएको टोलीले बुधबार बिहान करिब १० बजे नायब सुब्बा निर्मल तिमिल्सिनालाई नियन्त्रणमा लिएको छ ।

आयोगले जनाए अनुसार मालपोत कार्यालयको प्रशासन फाँटमा कार्यरत तिमिल्सिनाले मोहीसम्बन्धी जग्गाको काम मिलाईदिने भन्दै सेवाग्राहीसँग एक लाख रुपैयाँ घुस लिएका थिए । सेवाग्राहीबाट घुस रकम लिएको सूचनाका आधारमा अख्तियारको टोलीले उनलाई कार्यालयबाटै नियन्त्रणमा लिएको बताइएको छ ।

घुस रकमसहित पक्राउ परेका तिमिल्सिनामाथि आवश्यक अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाइएको आयोगले जनाएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासका सूचना अधिकारी श्रीप्रकाश पोखरेलले घटनाको पुष्टि गर्दै तिमिल्सिनालाई एक लाख रुपैयाँ घुससहित नियन्त्रणमा लिइएको जानकारी दिए ।

पोखरेलले जनाए अनुसार घटनाबारे थप अनुसन्धान भइरहेको छ । अनुसन्धानबाट प्राप्त तथ्य र प्रमाणका आधारमा थप कानुनी प्रक्रिया अघि बढाइने आयोगले जनाएको छ ।

तलब नपाउँदा आरोग्य केन्द्रका कर्मचारीहरु आक्रोशित

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशका सात जिल्लामा सञ्चालित रहेका ५६ वटै नागरिक आरोग्य सेवा केन्द्रमा कार्यरत कर्मचारीहरूले तलब नपाएको भन्दै प्रदेश सरकारप्रति आक्रोश व्यक्त गरेका छन् ।

साउन महिनादेखि नै तलब भुक्तानी रोकिएपछि बाध्य भएर आन्दोलनमा उत्रिनुपर्ने अवस्था आएको आरोग्य केन्द्रमा कार्यरत कर्मचारीहरुले बताएका छन् ।

गत तीन वर्षदेखि नागरिक आरोग्य सेवा केन्द्रमार्फत स्थानीयस्तरमा योग अभ्यास सञ्चालन, घरदैलोमै पुगेर सुगर तथा रक्तचाप परीक्षण, होमियोप्याथिक उपचार र निरोगी समाज निर्माणसम्बन्धी जनचेतनामूलक अभियान सञ्चालन गर्दै आएका कर्मचारीहरू अहिले आफ्नै पारिश्रमिकका लागि प्रदेश सरकारसँग गुहार माग्न बाध्य भएका छन् ।

स्थानीय तहबाट औषधि उपलब्ध हुँदै आएको र कर्मचारीहरूको तलब प्रदेश सरकारले भुक्तानी गर्दै आएको भए पनि पछिल्लो समय अर्थ मन्त्रालयले तलब निकासा रोकेको उनीहरूको भनाइ छ। नियमित रूपमा नागरिकको स्वास्थ्य सेवामा खटिँदै आएका सेवा केन्द्रका प्रमुख, कार्यालय सहयोगी (का.स.) तथा होमियोप्याथिक चिकित्सकसमेत तलब नपाउँदा आर्थिक समस्यामा परेका छन् ।

चार-पाँच महिनादेखिको पारिश्रमिक



भुक्तानी नहुँदा चाडपर्वसमेत प्रभावित भएको कर्मचारीहरूको गुनासो छ। आर्थिक वर्षको अन्त्य तथा नयाँ आर्थिक वर्षको सुरुवातको समयसम्म पनि तलब निकासा नभएपछि उनीहरू बुधबार प्रदेश सरकारको अर्थ मन्त्रालय पुगेका थिए ।

तलब भुक्तानी तथा रोक्का रकम फुकुवाको माग गर्दै मन्त्रालय पुगेका कर्मचारीहरूले अर्थमन्त्री र सचिवलाई भेट्न नपाएपछि निवेदन दर्ता नम्बर ७१५ मार्फत आफ्नो माग औपचारिक रूपमा दर्ता गराएका छन् । कर्मचारीहरूले बिहीबारसम्म तलब भुक्तानीका लागि आवश्यक प्रक्रिया अघि नबढाइए शान्तिपूर्ण आन्दोलनमा उत्रिने चेतावनी दिएका छन्। उनीहरूका अनुसार बिहीबार बिहान १० बजे कर्मचारी पुनः मन्त्रालयमा उपस्थित भई दबाबमूलक कार्यक्रम सञ्चालन गर्ने तयारीमा छन् ।

तीन वर्षसम्म नागरिकको घरदैलोमा पुगेर स्वास्थ्य सेवा र जनचेतना फैलाउने अभियानमा खटिएका कर्मचारीहरू आफ्नै श्रमको मूल्य पाउन मन्त्रालय धाउनुपर्ने अवस्था आउनु प्रदेश सरकारको कार्यशैलीमाथि गम्भीर प्रश्न हो ।

नागरिकलाई निरोगी बनाउने अभियान सञ्चालन गर्ने निकायका कर्मचारी नै महिनौंसम्म पारिश्रमिकविहीन रहनुपर्ने अवस्था आउनुले प्रदेश सरकारको स्वास्थ्य सेवा व्यवस्थापनको जिम्मेवारीमाथि प्रश्न उठाएको छ ।

आखिर नागरिकको स्वास्थ्य सेवामा खटिएका कर्मचारीको तलब किन रोकियो ? अर्थ मन्त्रालयले बजेट अभावका कारण भुक्तानी रोकेको हो वा अन्य कुनै प्रशासनिक कारणले सरकारले यस बारे प्रष्ट पारेका छैनन ।

मधेश प्रदेशका अधिकांश कार्यालयमा करार कर्मचारीहरुको तलब बक्यौता रहेको छ । करार सेवा अवधि पुगेपछि नियुक्ति अवधि नवीकरण गर्नुपर्ने प्रावधान अन्तर्गत प्रदेश सरकारले सो नवीकरण नगर्दा कर्मचारी तलबबाट वञ्चित हुन पुगेको बुझिएको छ ।

बैंगाडावरमा मिथिला महोत्सव हुने



टुडे समाचारदाता

जनकपुरधाम । आगामी कार्तिक २४ गतेदेखि धनुषाको मिथिला नगरपालिका-९ बेंगाडावरमा मिथिला महोत्सव आयोजना हुने भएको छ ।

बेंगाडावर युवा क्लबको आयोजनामा कार्तिक २४ गतेदेखि मंसिर ६ गतेसम्म सञ्चालन हुने लागेको जनाइएको छ । स्थानीय कला, संस्कृति, व्यापार तथा पर्यटनको प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना हुन लागेको महोत्सवमा सांस्कृतिक कार्यक्रमसँगै विभिन्न मनोरञ्जनात्मक तथा व्यवसायिक गतिविधि सञ्चालन गरिने आयोजकले जानकारी दिएका छन् ।

महोत्सवमा चर्चित गायिका रचना रिमाल, एलिना चौहानसहित गंगु क्षेत्री र प्रीति पासवानलगायतका कलाकारले सांगीतिक प्रस्तुति दिने कार्यक्रम रहेको छ । त्यसैगरी, महोत्सवमा रोटेटिङ लक्की ड्र, विभिन्न परिकारका फुड स्टल तथा अन्य मनोरञ्जनात्मक गतिविधिसमेत आकर्षणका रूपमा रहनेछन् । स्थानीय उत्पादन तथा व्यवसायलाई बजारसँग जोड्ने उद्देश्यले विभिन्न व्यापारिक स्टलसमेत राखिने आयोजकले जनाएको छ ।

बेंगाडावर युवा क्लबका अध्यक्ष राजु लामाका अनुसार महोत्सवलाई स्थानीयस्तरको सांस्कृतिक तथा मनोरञ्जनात्मक उत्सवका रूपमा विकास गर्ने लक्ष्य राखिएको छ । महोत्सवले स्थानीय प्रतिभा, कला, संस्कृति तथा व्यवसायको प्रवर्द्धनमा सहयोग पुर्याउने उनले विश्वास व्यक्त गरे ।

महोत्सवमार्फत स्थानीयस्तरमा आर्थिक गतिविधि बढाउनुका साथै आन्तरिक पर्यटन प्रवर्द्धनमा समेत योगदान पुग्ने आयोजकको विश्वास छ ।

बालविवाह रोक्न, सोच र व्यवहार परिवर्तन आवश्यक

टुडे समाचारदाता

जनकपुरधाम । बालविवाह अन्त्यका लागि कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनसँगै समाजको सोच र व्यवहारमा परिवर्तन आवश्यक रहेको जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी साहले बताएका छन् ।



जनकपुरधाममा आयोजित बालविवाहअन्त्यसम्बन्धीसामुदायिक सचेतना तथा पैरवी कार्यक्रममा बोल्दै उनले बालविवाह सामाजिक कुरीति भएकाले यसको अन्त्यका लागि समुदायस्तरबाटै अभियान सञ्चालन गर्नुपर्ने बताए ।

उनले बालविवाहविरुद्ध सडक नाटकसहित विभिन्न माध्यमबाट सचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेको उल्लेख गर्दै यस्ता अभियानले समाजमा सकारात्मक चेतना अभिवृद्धि गर्न सहयोग पुग्ने बताए । बालविवाह रोक्न अभिभावक, समुदाय र स्थानीय तह सबै जिम्मेवार भएर लाग्नुपर्ने उनको भनाइ थियो ।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगकी मधेश प्रदेश अधिकृत कुमारी शर्माले बालविवाह राष्ट्रिय समस्याका रूपमा रहेको उल्लेख गर्दै यसको अन्त्यका लागि सरकारी निकाय, नागरिक समाज र समुदायबीच समन्वय तथा सहकार्य आवश्यक रहेको बताइन् ।

यस्तै, जनकपुरधाम उपमहानगरपालिका-१४ का वडाध्यक्ष पूर्णप्रसाद यादवले आफ्नो वडामा हालसम्म सातवटा बालविवाह रोक्न सफल भएको जानकारी दिए । उनले बालविवाहमुक्त समाज निर्माणका लागि आगामी दिनमा पनि सचेतनामूलक गतिविधिलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे ।

मुस्लिम महिला कल्याण समाज नेपालकी अध्यक्ष सीमा खानले बालविवाह अन्त्यका लागि नेपाल सरकारले राष्ट्रिय रणनीति अवलम्बन गरेको उल्लेख गर्दै त्यसको प्रभावकारी कार्यान्वयनमा सबै पक्षको भूमिका महत्त्वपूर्ण हुने बताइन् । उनले सरकार, स्थानीय तह, नागरिक समाज र समुदायबीचको सहकार्यबाट मात्रै बालविवाहमुक्त समाज निर्माण सम्भव हुने धारणा राखिन् ।

कार्यक्रममा प्रस्तुत गरिएको सडक नाटकमार्फत बालविवाहका कारण किशोरीहरूको शिक्षा, स्वास्थ्य, मानसिक अवस्था तथा भविष्यमा पर्ने नकारात्मक असरबारेसहभागीहरूलाईजानकारी गराइएको थियो। बालविवाहविरुद्ध समुदायस्तरमा जनचेतना अभिवृद्धि गर्ने तथा यसको रोकथामका लागि सामूहिक पहल अघि बढाउने उद्देश्यले सो कार्यक्रम आयोजना गरिएको थियो ।

अज्ञात व्यक्तिको गोली प्रहारबाट एक युवक घाइते

टुडे समाचारदाता

रौतहट । अज्ञात व्यक्तिको गोली प्रहारबाट रौतहटको सदरमुकाम गौरमा एक युवक गम्भीर घाइते भएका छन् ।

गौर नगरपालिका-४ गढवाका रामविलास यादवका छोरा राकेश कुमार यादवमाथि मंगलबार राति अज्ञात व्यक्तिले पाँच राउन्ड गोली प्रहार गरेका हुन् । स्थानीयका अनुसार राति करिब ९ बजेर १५ मिनेटमा गढवा गाउँस्थित पानी ट्यांकी



नजिक रहेका यादवलाई लक्षित गरी गोली चलाइएको थियो ।

अचानक गोली चलेपछि स्थानीय क्षेत्रमा त्रास फैलिएको थियो । घटनामा गम्भीर घाइते भएका यादवलाई तत्काल उपचारका लागि अस्पताल लगिएको थियो ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक वसन्त गौतमका अनुसार घाइते यादवको वीरगञ्जस्थित बयोधा अस्पतालमा उपचार भइरहेको छ ।

उपचारको क्रममा गरिएको सिटी स्क्यानमा उनको पिठ्युँमा दुई र हातमा एक गरी तीनवटा गोली लागेको पुष्टि भएको प्रहरीले जनाएको छ । शरीरका हात, पाखुरा र पिठ्युँलगायतका भागमा गोलीका घाउ देखिएका छन् ।

घाइतेको अवस्था गम्भीर रहे पनि उनी चिकित्सकसँग कुराकानी गर्न सक्ने अवस्थामा रहेको डीएसपी गौतमले जानकारी दिए । युवकमाथि गोली प्रहार गर्ने व्यक्ति वा समूहको पहिचान हुन सकेको छैन । घटनालगत्तै जिल्ला प्रहरी कार्यालय रौतहटबाट प्रहरी टोली घटनास्थल पुगेर अनुसन्धान सुरु गरेको छ ।

गोली प्रहारको कारण तथा घटनामा संलग्न व्यक्तिहरूको पहिचानका लागि प्रहरीले सम्भावित स्थानमा खोजी र अनुसन्धान तीव्र पारेको जनाएको छ ।

सदरमुकाम गौरकै बस्तीमा भएको गोलीकाण्डले स्थानीयवासीमा सुरक्षा चिन्ता बढाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

बालसुधार गृहमा एक किशोरको औंला काटियो

टुडे समाचारदाता

वीरगञ्ज । पर्साको बाल सुधारगृहमा एक किशोरको दाहिने हातको कान्छी औंला काटिएको आरोप लगाइएको छ । बाराको चावालसती नजिक अटो रिक्सा दुर्घटनासम्बन्धी मुद्दामा अदालतको आदेशपछि बाल सुधारगृह लगिएका वीरगन्ज



महानगरपालिका-२१ का १६ वर्षीय अभिषेक महतोको औंला काटिएको हो ।

घटनाअनुसार गत असोज २६ गते अभिषेकले चलाएको अटो रिक्सा दुर्घटनामा परेको थियो । दुर्घटनामा अटोमा सवार सुरेन्द्र यादव र रामअसरे महतो घाइते भएका थिए । घाइते सुरेन्द्रसँग उपचार खर्चको विषयमा मिलापत्र भए पनि अर्का घाइते रामअसरेले अंगभंगसम्बन्धी मुद्दा दर्ता गराएका थिए । उक्त मुद्दामा अदालतको आदेशपछि गत कात्तिक १६ गते साँझ करिब ७ बजे अभिषेकलाई पुर्पक्षका लागि पर्सास्थित बाल सुधारगृहमा लगिएको थियो । परिवारका अनुसार राति करिब ९ बजे बाल सुधारगृहबाट अभिषेकका बुवा मुक्ति महतोलाई फोन गरी जन्मदर्ता प्रमाणपत्र पठाउन भनिएको थियो ।

त्यसपछि उनले ह्वाट्सएपमार्फत जन्मदर्ता प्रमाणपत्र पठाएका थिए। तर, राति करिब १० बजे अभिषेकको दाहिने हातको कान्छी औंला काटिएको अवस्थामा रहेको जानकारी परिवारले पाएको थियो । बाल सुधारगृह प्रशासनबाट कुनै जानकारी नआएपछि वीरगन्जस्थित नेसनल मेडिकल कलेजमा उपचाररत बिरामीमार्फत परिवारले घटनाबारे थाहा पाएको मुक्ति महतोले बताएका छन् ।

छोराको अवस्थाबारे जानकारी पाएपछि अस्पताल पुगेका मुक्ति महतोले त्यहाँ रहेका प्रहरीबाट आफूले धाकधम्कीसमेत खेप्नुपरेको आरोप लगाएका छन् ।

यता, जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक तथा सूचना अधिकारी चक्र बहादुर मल्लले ढोका बन्द गर्ने क्रममा अभिषेकको हातको औंला काटिएको बताएका छन् । पर्साको बाल सुधारगृहका प्रशासन प्रमुखले पनि ढोका बन्द गर्ने क्रममा नै घटना भएको बताएका छन् ।

बाँदरको आक्रमणबाट १५ जना घाइते

टुडे समाचारदाता

रौतहट । रौतहटको मौलापुर बजारमा बाँदरको आक्रमणबाट एक दर्जनभन्दा बढी स्थानीय घाइते भएका छन् । बाँदरको आक्रमणले सो क्षेत्रका स्थानीय त्रसित बनेका छन् । स्थानीयवासीका अनुसार बाँदर आक्रमणबाट १५ जना घाइते भएका छन् ।



बुधबारसम्म मौलापुर बजार स्थित स्मार्ट चोक आसपास बाँदरले घर, पसल तथा अस्पताल परिसरमा प्रवेश गरेर मानिसमाथि आक्रमण गरेको स्थानीयले बताएका छन् । बजार क्षेत्रमा बाँदरको गतिविधि बढेपछि सर्वसाधारण तथा व्यवसायीसमेत जोखिममा परेको हो ।

बाँदरको आक्रमणबाट मौलापुर प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत कर्मचारीसमेत त्रसित बनेका छन् । अस्पताल परिसरमै बाँदर प्रवेश गरेर आक्रमण गर्न थालेपछि स्वास्थ्यकर्मीलाई नियमित कामकाज गर्नसमेत कठिनाइ भएको स्थानीयको भनाइ छ ।

बजार क्षेत्रमा बाँदरको आतङ्क बढ्दै गएपछि स्थानीयले तत्काल नियन्त्रणमा लिन सम्बन्धित निकायसँग माग गरेका छन् । बाँदरको आक्रमणबाट थप मानवीय क्षति हुन नदिन मौलापुर नगरपालिका र सुरक्षा निकायले आवश्यक पहल गर्नुपर्ने उनीहरूको माग छ ।

इलाका प्रहरी कार्यालय मौलापुरका प्रमुख प्रहरी निरीक्षक भरत केसीले बाँदरको आक्रमणबाट मानिसहरू घाइते भएको पुष्टि गरेका छन् । उनका अनुसार जंगली बाँदर नियन्त्रणका लागि प्रहरीसँग आवश्यक उपकरण तथा स्रोतसाधन उपलब्ध छैन ।

बाँदर नियन्त्रणका लागि आवश्यक सहयोग गरिदिन डिभिजन वन कार्यालय रौतहटलाई आग्रह गरिएको प्रहरी निरीक्षक केसीले जानकारी दिए । बजार क्षेत्रमै बाँदरको आक्रमण बढेपछि सर्वसाधारण, व्यवसायी तथा स्वास्थ्यकर्मीको सुरक्षामा चुनौती थपिएको छ ।

सामाजिक सञ्जालको दुरुपयोग रोक्न कार्यक्रम संचालन

टुडे समाचारदाता

जनकपुरधाम। साइबर अपराध तथा सामाजिक सञ्जालको बढ्दो दुरुपयोगलाई न्यूनीकरण गर्ने उद्देश्यले जनकपुरधाम २४ बसहियास्थित गोगल प्रसाद नमुना माध्यमिक विद्यालयमा सचेतनामूलक कार्यक्रम आयोजना गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाको सामुदायिक प्रहरी शाखा, आफन्त नेपाल र एम्नेस्टी इन्टरनेसनलको संयुक्त सहकार्यमा बुधबार कार्यक्रम आयोजना गरिएको हो ।

प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत आयोजित कार्यक्रममा साइबर अपराधका विभिन्न स्वरूप, सामाजिक सञ्जालको सुरक्षित प्रयोग, अनलाइन ठगी, व्यक्तिगत विवरणको सुरक्षा तथा सामाजिक



सञ्जालको दुरुपयोगबाट उत्पन्न हुन सक्ने जोखिमका विषयमा जानकारी गराइएको थियो ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी निरीक्षक रेजिना श्रेष्ठसहित प्रहरी टोलीले सहभागीहरूलाई साइबर अपराधबाट बच्ने उपाय, अनलाइन गतिविधिमा अपनाउनुपर्ने सावधानी तथा कुनै पनि प्रकारको साइबर हिंसा वा दुर्व्यवहार भएमा प्रहरीमा उजुरी गर्ने प्रक्रियाबारे सहजीकरण गरेको थियो ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक ओमप्रकाश खनालले प्रविधिको विकाससँगै साइबर अपराधका घटना र सामाजिक सञ्जालको दुरुपयोगका चुनौती पनि बढ्दै गएको बताए ।

उनले सामाजिक सञ्जाल प्रयोग गर्दा व्यक्तिगत गोपनीयता कायम राख्न, अपरिचित व्यक्तिले पठाएका लिंक नखोल्न, आफ्नो पासवर्ड तथा ओटीपी अरूलाई उपलब्ध नगराउन र सामाजिक सञ्जालमा प्राप्त हुने भ्रामक सूचना तथा सामग्रीप्रति सचेत रहन आग्रह गरेका छन् ।

उनले साइबर अपराधबाट सुरक्षित रहन प्रहरीको प्रयाससँगै नागरिकको सचेतना र जिम्मेवार व्यवहार पनि उत्तिकै आवश्यक रहेको उल्लेख गर्दै यस्ता सचेतनामूलक कार्यक्रमलाई समुदाय तथा विद्यालयस्तरसम्म विस्तार गरिने जानकारी दिएका छन् ।

वडा सदस्य अमजद हुसेनको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्थानीय जनप्रतिनिधि, समाजसेवी, सञ्चारकर्मी, विद्यालयका प्रधानाध्यापक, शिक्षक शिक्षिका तथा विद्यार्थी गरी करिब ११५ जनाको सहभागिता रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएका छन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८